# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

शिक्षाध्यक्षको कार्यालय, बागमती प्रदेश, हेटौंडा

## Anesthesia Technician Training Course मा विद्यार्थी भर्ना सम्बन्धी सूचना

सूचना नं. : १९

मिति : २०८२।०७।१४

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शैक्षिक सत्र २०८२/०८३ मा एक (१) वर्षे **Anesthesia Technician Training Course** सञ्चालन गर्न विद्यार्थी भर्नाको लागि यो सूचना प्रकाशित गरिएको छ । मान्यता प्राप्त शिक्षण संस्थाबाट Health Assistant, Ophthalmic Assistant र Proficiency Certificate level in Nursing गरेका नेपाली नागरिकले **Madan Bhandari Academy of Health Sciences, Sanima Bank, Hetauda** मा रहेको प्रतिष्ठानको **चल्ती खाता नं. ०२५०१००१०००१५४४** मा रु. २०००।- (दुई हजार रुपैया, फिर्ता नहुने गरी) जम्मा गरी सो को सक्कल भौचर पेश गरे पछि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षाध्यक्षको कार्यालयबाट २०८२/०७/१४ देखि वितरण गरिने प्रवेश परीक्षा फारममा उल्लेख भएका सम्पूर्ण कागजात संलग्न गरी फारम भरी मिति २०८२/०७/२८ गते भित्र शिक्षाध्यक्षको कार्यालय मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, टि.सि.एन. रोड, हेटौंडा-१०, हेटौंडामा बुझाई सक्नु पर्ने छ । सो दिन बिदा परेमा बिदाको भोलिपल्ट कार्यालय खुलेको पहिलो दिन भित्रमा फारम बुझाई सक्नु पर्ने छ । प्रवेश पत्र मिति २०८२/०८/०१ गते वितरण गरिनेछ र प्रवेश परीक्षाको मिति, समय र स्थानको बारे सोहि दिन जानकारी गराइनेछ ।

अन्य विस्तृत विवरण चाहिएमा शिक्षाध्यक्षको कार्यालयमा सम्पर्क राख्न सम्बन्धित सबैलाई सूचित गरिन्छ । (सम्पर्क नं.: ९८५५०११८६३, ९८४५३८२४५५)

| | |
|---|---|
| **प्रदेश सरकार, बागमती प्रदेश (स्वास्थ्य मन्त्रालय)** | ३ सिट (तीन) |
| **संस्थागत (Institutional), खुल्ला (Private)** | २ सिट (दुई) |

नोटः

- कुनै पनि कारणले बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय तर्फको सिट खाली रहन गएमा खुला प्रतिस्पर्धा भित्रैबाट सफल उम्मेद्वारको प्राप्ताङ्कको क्रम अनुसार (Merit List) भर्ना लिइने छ ।
- बागमती प्रदेश सरकार अन्तर्गत कार्यरत योग्यता पुगेका उम्मेद्वारहरुले प्रदेश स्वास्थ्य मन्त्रालयको स्वीकृति पत्र संलग्न गर्नु पर्ने छ र Institutional/Private का निवेदकहरुको हकमा Nepal Health Professional Council, Nepal Nursing Council मा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपिका साथै दर्ता प्रमाणपत्र पश्चात नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तिमा २ वर्षको कार्यअनुभवको प्रमाणपत्र पेश गर्नु पर्ने छ ।
- CEONC लागु भएको सरकारी संस्थामा कार्यरत उम्मेद्वारलाई प्राथमिकता दिइने छ ।
- उमेरको हकमा दरखास्त दिने अन्तिम मिति सम्म ४५ वर्ष भन्दा बढी भएको हुने छैन ।
- संस्थागत/खुल्ला उम्मेद्वारहरुले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले तोकेको तालिम शुल्क बुझाउनु पर्ने छ ।